# छार्का ताङसोङ गाउँपालिका

ཚྭ་དཀར་སྟེང་གཤོང་གྲོང་སྡེ་ལས་ཁུངས།

CHHARKA TANGSONG RURAL MUNICIPALIY

कागकोट, डोल्पा

# स्थानीय राजपत्र

खण्डः८ संख्याः१ प्रकाशन मितिः२०८२।०३।१०

# भाग-१

## छार्का ताङसोङ गाउँपालिकाको परम्परागत उपचार पद्धति (आम्ची) संरक्षण तथा व्यवस्थापन सम्बन्धमा बनको ऐन, २०८२

छार्का ताङसोङ गाउँपालिका गाउँ सभाको १६औँ अधिवेशन वाट स्वीकृत मितिः२०८२।०३।१०

---

स्वास्थ्य जीवनयापन गर्न र बाँच्न पाउने नागरिकको नैसर्गिक हक अधिकारलाई आत्साथ गर्दै नागरिकको शारीरिक, मानसिक तथा सामाजिक विकासका लागि स्वच्छ, स्वास्थ्य एव सुरक्षित वातावरणमा गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै आदिवासी जनजाति र स्थानिय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति. सामाजिक परम्परा र अनुभवपको आधारमा गरीने परम्परागत सेवा आम्ची उपचार प्रतिको आदिवासी जनजाति र स्थानिय समुदायको आस्था विस्वास र यसवाट प्राप्त हुने असर रहित स्वास्थ्य लाभलाई व्यवस्थित संरक्षण, सवर्धन र प्रवर्धन गर्न यस गाउँपालिकामा सदियै देखि स्वास्थ्य उपचारका लागि अभ्यास एव प्रचलनमा रहेको सेवा आम्ची उपचार पद्दती र परम्पराको संरक्षण सवर्दन र प्रवर्द्दन गरी स्थानीय तहमा व्यवस्थित गर्न वाञ्छनीय भएकोले छार्का ताङसोङ गाउँपालिका गाउँ सभाको १६औँ अधिवेशनले यस ऐन बनाई स्थानीय राजपत्रमा प्रकाशन गरीएको छ।

**प्रस्तावनाः**

स्वास्थ्य जीवनयापन गर्न र बाँच्न पाउने नागरिकको नैसर्गिक हक अधिकारलाई आत्मसाथ गर्दै नागरिकको शारीरिक, मानसिक तथा सामाजिक विकासका लागि स्वच्छ, स्वास्थ्य एवं सुरक्षित वातावरणमा गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै आदिवासी जनजाति र स्थानिय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवको आधारमा गरीने परम्परागत सेवा आम्ची उपचार प्रतिको आदिवासी, जनजाति र स्थानिय समुदायको आस्था, विश्वास र यसवाट प्राप्त हुने असर रहित स्वास्थ्य लाभलाई व्यवस्थित संरक्षण, सवर्धन र प्रवर्धन गर्न यस गाउँपालिकामा सदियै देखि स्वास्थ्य उपचारका लागि अभ्यास एव प्रचलनमा रहेको सेवा आम्ची उपचार पद्दती र परम्पराको संरक्षण, सवर्द्धन र प्रवर्द्धन गरी स्थानीय तहमा व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २११ र २२६ तथा सोहि सविधानको अनुसुचि ७ र अनुसुचि ९ मा उल्लिखित स्थानिय तहको स्वास्थ्य सम्वन्धी अधिकारलाई कार्यन्वयन गर्न स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिमको छार्का ताङसोङ गाउँपालिका गाउँसभाको १६औं अधिवेशनले ऐन बनाएको।

## परिच्छेद १
## सक्षिप्त नाम र परिभाषा

**१. सक्षिप्त नाम र परिभाषा**

(क) यो ऐनको नाम "छार्का ताङसोङ गाउँपालिकाको परम्परागत उपचार पद्धति (आम्ची) संरक्षण तथा व्यवस्थापन सम्बन्धमा बनको ऐन, २०८२" रहनेछ।

(ख) यो ऐन छार्का ताङसोङ गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

(ग) यो ऐन गाउँ सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) **"आदिवासी जनजाती"** भन्नाले आदीवासी जनाजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन,२०५८ मा परिभाषित भएका आदीवासी जनाजातीलाई जनाउनेछ।

(ख) "**परम्परागत उपचार पद्धति आम्ची"** भन्नाले बौद्ध परम्परा अनुसार र हिमाली क्षेत्रमा सदियौँ देखि अभ्यास र प्रचलनमा रहेको जडीबुटी, चार तन्त्र पाँच तत्व अन्य प्राकृतिक स्रोत र अकुपञ्चर मोक्सानेसान बेनिसेक्सान तथा विभिन्न थेरापी विधिको सम्मिश्रणवाट उपचार गरिने परम्परागत ज्ञान, सीप र अभ्यासलाई जनाउनेछ।

(ग) "**परम्परागत उपचार पद्धति"** भन्नाले आम्ची पद्दती सम्वन्धि औपाचारीक शिक्षा लिई वा परम्परागत ज्ञानमा आधारित भई आम्ची पद्दतीवाट उपचार गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जनाउनेछ।

(घ) "**परम्परागत उपचार पद्धति आम्ची संरक्षण समिति"** भन्नले परम्परागत उपचार पद्धति आम्ची उपचार विधिलाई सरक्षण सवर्द्दन प्रवर्द्दन उत्थान प्रोत्साहन विकास र विस्तार गर्न दफा ५ बमोजिम वडास्तरवाट गठन हुने समितिलाई जनाउनेछ।

(ङ) "**ऐन**" भन्नाले परम्परागत उपचार पद्धति आम्ची संरक्षण तथा व्यवस्थापन ऐन, २०८२ लाई जनाउनेछ।

(च) "**कार्यपालिका**" भन्नाले छार्का ताङसोङ गाउँपालिकाको कार्यपालिकालाई जनाउनेछ।

(छ) "**गाउँपालिका**" भन्नाले छार्का ताङसोङ गाउँपालिकालाई जनाउनेछ।

(ज) "**गाउँपालिका क्षेत्र**" भन्नाले छार्का ताङसोङ गाउँपालिकालाई जनाउनेछ।

(झ) "**परम्परागत ज्ञान सिप र अभ्यास**" भन्नाले जैविक विविधता र जडिबुटी लगायतका प्राकृतिक स्रोतको संरक्षण तथा दिगो उपयोग गर्न र परम्परगत जीवनशैलीलाई मुर्तरुप दिनका लागि आदिवासी जनजाति र स्थानीय समुदायले परापूर्व कालदेखि अबलम्वन गर्दै आएका परम्परागत ज्ञान, सिप र अभ्यासहरुलाई जनाउनेछ।

(ञ) "**प्रथाजनित नियम**" भन्नाले आदिवासी जनजाती र स्थानिय समुदायले आफ्नो रीतिरिवाज, धर्म, संस्कृति र परम्परा अनुसार आफ्नो हितका लागि सदियौँ देखि अभ्यास गर्दै आएका नियमहरुलाई जनाउनेछ।

(ट) "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनाईएका नियममा तोकिए बमोजिम जनाउनेछ।

## परिच्छेद-२
## परम्परागत उपचार पद्धति, आम्ची नियमन र व्यवस्थापन सम्वन्धी व्यवस्था

### ३. परम्परागत उपचार पद्धति आम्ची प्रमाण पत्र लिनु पर्ने

(क) परम्परागत उपचार पद्धति आम्ची विधिवाट स्वास्थ्य सेवा प्रदान गर्न चाहने परम्परागत उपचार पद्धति आम्चीले सम्बन्धित संघ संस्था वा निकायवाट परम्परागत उपचार पद्धति आम्चीको रुपमा स्वास्थ्य उपचार गर्ने योग्यताको प्रमाणपत्र लिएको हुनु पर्नेछ।

तर विगत तीन पुस्तादेखि परम्परागत रुपमा परम्परागत उपचार पद्धति आम्ची विधिवाट स्वास्थ्य उपचार गर्दै आएको अभिलेख वा अभ्यास भएका पारिवारिक सेवा परम्परागत उपचार पद्धति आम्ची विधिवाट स्वास्थ्य उपचार गर्न त्यस्तो प्रमाणपत्र लिनु अनिवार्य मानिने छैन।

(ख) दफा (२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा उल्लेख भएको भएता पनि तीन पुस्ता देखि दिक्षित भएको अभिलेख वा अभ्यास भएका परिवरका सदस्यहरु मध्ये परम्परागत परम्परागत उपचार पद्धति आम्ची विधिवाट स्वास्थ्य सेवा प्रदान गर्ने ज्ञान सीपको निरन्तर अभ्यासमा नरहेका व्याक्तिले उपदफा (१) बमोजीमको प्रमाणपत्र प्राप्त नगरी परम्परागत आम्ची उपचार पद्धति बाट उपचार गर्न पाउने छैन।

### ४. परम्परागत उपचार पद्धति आम्ची स्वास्थ्य संस्था सञ्चालन अनुमति लिनु पर्ने

(१) गाउँ कार्यपालिकाबाट निर्धारित मापदण्ड पूरा गरी कुनै परम्परागत उपचार पद्धति गर्ने आम्चीले गाउँपालिका क्षेत्र भित्र आम्ची विधिबाट संस्थागत रुपमा निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाका माध्यमबाट

स्वास्थ्य सञ्चालन गरी परम्परागत उपचार पद्धति आम्चीले स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा त्यस्तो सेवा सञ्चलनका लागि गाउँ कार्यपालिकाले देहाय बमोजीमका आम्ची पद्धतिको स्वास्थ्य संस्था सञ्चालनका लागि इजाजत पत्र दिन सक्नेछः

(क) प्राथमिक आम्ची उपचार केन्द्र

(ख) आम्ची उपचार क्लिनिक

(ग) आम्ची उपचार औषधी पसल

(घ) आम्ची सामुदायिक उपचार स्वास्थ्य केन्द्र

(ङ) आम्ची उपचार पुर्नस्थापना केन्द्र

(च) आम्ची उपचार योजना केन्द्र

(छ) आम्ची उपचार औषधी उत्पादन सम्वन्धी लघु उद्यम

(२) उपदफा १ को खण्ड क, ख र ग बमोजिमका कार्य एउटै संस्थाले गर्न पाउने गरी र खण्ड ङ र च बमोजीमका कार्य एउटै सस्थाले गर्न पाउने गरी आम्ची उपचार स्वास्थ्य संस्था दर्ता गर्न सकिनेछ।

(३) इजाजत पत्र प्राप्त नगरी निजी वा गैरसरकारी स्वास्थ्य संस्थाले आम्ची उपचारसँग सम्वन्धित कुनैपनि कार्य गर्न पाउने छैन।

(४) उपदफा १ बमोजीमका आम्ची उपचार स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न गाउँ कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(५) गाउँ कार्यपालिकाले उपदफा ४ बमोजिम दिईने निवेदनको ढाँचा र तिर्नु पर्ने दस्तुर निर्धारण गर्न सक्नेछ।

(६) औपचारिक शिक्षाका माध्यमबाट आम्ची उपचारको प्रमाण पत्र, आम्चीको हकमा निजले आम्ची उपचारको प्रमाण पत्र प्राप्त गरी कुनै आम्ची उपचार स्वास्थ्य संस्थामा तीन वर्षसम्म काम गरेको अनुभव प्राप्त गरेपछि मात्र आम्ची उपचार स्वास्थ्य संस्था दर्ता गर्न पाउनेछ।

(७) आम्ची विधिबाट स्वास्थ्य उपचार गर्ने गरी स्वास्थ्य संस्था दर्ता गर्नका लागि देहायका विवरणहरु उल्लेख गरी गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछः

(क) स्वास्थ्य सेवा प्रदान गर्ने आम्ची उपचार दिने व्याक्ति वा संस्थाको नाम र ठेगाना

(ख) प्रदान गरिने स्वास्थ्य सेवा तथा उपचारहरुको विवरण

(ग) लगानी तथा आर्थिक स्रोत

(घ) आम्ची उपचार स्वास्थ्य संस्थामा उपलव्ध हुन सक्ने सामाग्री तथा औजारहरु

(ङ) प्रमाणपत्र प्राप्त वा अनुभव प्राप्त जनशिक्ति

(८) उपदफा ७ बमोजिमको निवेदनका साथमा देहाय बमोजिमका कागजातहरु पेस गर्नु पर्नेछ

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) आम्ची उपचार विधिबाट स्वास्थ्य सेवा प्रदान गर्नका लागि कुनै औपचारिक शिक्षा वा तालिम लिएको भए सो को प्रतिलिपि।

(ग) परम्परागत ज्ञानमा आधारित भए सो ज्ञानको अभिलेख र अनुभवको समयावधि।

(घ) संस्था दर्ता गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि।

(९) उपदफा ७ बमोजिमको विवरण सहितको निवेदन र उपदफा ८ बमोजिमका कागजातहरु पेस हुन आएमा गाउँपालिकालेको स्वास्थ्य निर्देशक समितिले निवेदन प्राप्त भएको पन्ध्र दिन भित्र आवश्यक अनुगमन गरी निर्धारित मापदण्ड पुरा गरे नगरेको आवश्यक अध्ययन गरी आम्ची उपचार स्वास्थ्य संस्था सञ्चालन गर्न इजाजत पत्र प्रदान गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पन्ध्र दिन भित्रमा सिफारीस गर्नु पर्नेछ।

(१०) उपदफा ९ बमोजिमको सिफारिशका आधारमा आम्ची स्वास्थ्य संस्था दर्ता गरी इजाजत पत्र प्रदान गर्न उपयुक्त देखिएमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सिफारिश प्राप्त भएको मितिले ७ (सात) दिन भित्रमा आम्ची स्वास्थ्य संस्था दर्ता गरी आम्ची स्वास्थ्य संस्था सञ्चालन इजाजत पत्र प्रदान गर्नु पर्नेछ।

(११) गाउँपालिकामा दर्ता भएका आम्ची स्वास्थ्य संस्थाबाट स्वास्थ्य उपचार सेवा प्रदान गर्ने संस्था वा व्यक्तिहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाले राख्नु पर्नेछ।

(१२) कुनै कारणले आम्ची उपचारक स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिकाको क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा गाउँ कार्यपालिकाबाट अनुमति लिनुपर्नेछ।

**५. आम्ची स्वास्थ्य संस्था दर्ताका लागि सिफारिस लिनुपर्नेः** गाउँपालिकाको क्षेत्रभित्र आम्ची उपचारक स्वास्थ्य संस्था दर्ता गरी संचालन गर्नका लागि गाउँ कार्यपालिकाले सम्बन्धित वडाको सिफारिस माग गर्न सक्नेछ।

## परिच्छेद -३
## आम्ची संरक्षण समिति

**६. आम्ची संरक्षण समितिको गठनः**

(क) गाउँपालिका क्षेत्रमा रहेका आम्ची उपचारक स्वास्थ्य संस्था सञ्चालन गर्ने गरी दर्ता भएका संस्था वा व्यक्तिले आपसी समन्वय र सहकार्यका लागि गाउँपालिका स्तरमा आम्ची संरक्षण समितिको गठन गर्न सक्नेछन् ।

(ख)उपदफा (१) बमोजिमको समितिमा आम्ची उपचारक स्वास्थ्य संस्था संचालनमा संलग्न संस्था वा व्यक्तिहरूमध्ये देहाय बमोजिमका पदाधिकारी र सदस्यहरू रहने छन्

१. अध्यक्ष–१ जना

२. उपाध्यक्ष–१ जना

३ .सचिव–१ जना

४. कोषाध्यक्ष–१ जना

५. सदस्य– बढीमा ७ जना

(ग) उपदफा (२) समितिका पदाधिकारीहरुको छनौट प्रक्रिया आम्ची उपचारक स्वास्थ्य संस्था संचालनमा संलग्न संस्था वा व्यक्तिहरू आफैले निर्धारण गरे बनोजिम हुनेछ।

(घ) आम्ची संरक्षण समितिका पदाधिकारीको पदावधि बढीमा पाँच वर्षको हुनेछ।

**७. आम्ची संरक्षण समितिको दर्ताः**

(क) दफा ६ बमोजिमको समिति गठन भएपछि सोको दर्ताको लागि गाउँ कार्यपालिकामा निवेदन दिन सकिनेछ।

(ख) उपदफा (१) बमोजिम निवेदन परेमा प्रमुख प्रशासकीय अधिकृतले अध्ययन गरी उक्त समिति दर्ता गर्न उपयुक्त देखिएमा दर्ता गरी निर्धारित ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(ग) आम्ची संरक्षण समितिको एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा प्राप्त गर्न सकिने आर्थिक सहयोग र कोषको संचालन सम्बन्धी व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**८. आम्ची संरक्षण समितिका कार्यहरुः**

(क) आम्ची संरक्षण समितिले मुख्य रूपमा आम्ची उपचार विधि र सेवाको विकास, विस्तार, प्रवर्धन र क्षमता विकासका कार्य गर्नेछ।

(ख) उपदफा (१) को प्रयोजनका लागि आम्ची संरक्षण समितिले गाउँपालिका, स्वास्थ्य सम्बन्धी सम्बन्धित निकाय, आम्ची उपचारक स्वास्थ्य संस्थाहरू र अन्य सरोकारवालाहरूसँग परामर्श गरी देहायका विषयहरू सामावेश गरी कार्ययोजना तर्जुमा गर्न सक्नेछस् ।

(१) कार्ययोजना तयार गर्नुको लक्ष्य तथा उद्देश्य र रणनीतिहरू

(२) आम्ची संरक्षण, विकास र विस्तार गर्न आवश्यक पर्ने कार्यको विवरण

(३) आम्ची संरक्षण समितिले स्थानीय स्तरमा संचालन गर्ने कार्यकमको विवरण

(४) कार्य योजना लागु गर्न आवश्यक पर्ने जनशक्ति र आर्थिक स्रोत

(५) संरक्षण क्षेत्रसम्बन्धी योजना अनुसार उपलब्ध हुन सक्ने सहयोगको विवरण

(६) अन्य आवश्यक विवरणहरू

(ग) उपदफा (२) बमोजिम तयार भएको कार्ययोजना गाउँपालिकामा पेस गरी स्वीकृत गराई कार्यान्वयन गर्न सकिनेछ ।

(घ) उपदफा (३) बमोजिम स्वीकृत भएको कार्ययोजना कार्यान्वयन गर्ने जिम्मेवारी आम्ची संरक्षण समिति र आम्ची स्वास्थ्य संस्थाहरू र यस पेशामा संलग्नको हुनेछ र यसका लागि गाउँपालिकाले आफै वा अन्य संघ, संस्था मार्फत आवश्यक सहयोग उपलव्य गराउन सक्नेछ ।

(ङ) आम्चि संरक्षण समितिले आम्ची सम्वन्धी आम्ची स्वास्थ्य संस्थाहरू तथा संचालकसँग समन्वय गर्ने, आम्ची स्वास्थ्य संस्था दर्तामा सहजीकरण गरी दर्ता भएका स्वास्थ्य संस्थाहरूको अभिलेख राख्ने र आफ्ना सदस्यहरूको क्षमता अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता कार्य गर्न सक्नेछ ।

**९. जडीबुटीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नेः**

(१) गाउँपालिकामा रहेको वन क्षेत्र, जडीवुटी क्षेत्र, झाडी बुटयान क्षेत्र र खर्क क्षेत्रको हैसियत र क्षेत्रफल घट्न नदिई आम्ची स्वास्थ्य उपचारसँग सम्बन्धित जडीवुटीको संरक्षण, संवर्धन र प्रवर्धन गर्न गाउँपालिका र संरक्षण सम्बन्धी निकायहरूसँग समन्वय र सहकार्य गरी आम्ची संरक्षण समितिले देहाय बमोजिमका कार्य गर्न सक्नेछः

(क) जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रका जडीबुटी र मानव स्वास्थ्यमा पर्ने गरेको असरलाई न्यूनीकरण गर्ने समुदायस्तरमा जलवायु अनुकूलनका योजना तर्जुमा र कार्यान्वयन गर्नका लागि गाउँपालिका, स्थानीय समुदाय र सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(ख) कुनै पनि वन तथा खर्कमा डढेलो लागि जडीबुटि नष्ट हुन लागेमा डढेलो निभाउन समुदाय परिचालन गर्ने तथा उक्त कार्यको लागि सम्बन्धित निकायको सहयोग लिने ।

(२) आम्ची सेवालाई प्रभावकारी बनाउनका लागि जडीबुटी व्यवस्थापन र आम्ची शिक्षाको विकास हुनेगरी गाउँपालिकाले देहायका कार्य गर्नेछन्:

(क) स्थानीय यूवाहरूलाई जडीबुटी खेती र आम्ची सेवामा संलग्न हुनका लागि उच्च शिक्षा हासिल गर्न छात्रवृत्तिको व्यवस्था गर्ने।

(ख) आम्ची शिक्षालाई बिद्यालय शिक्षामा समावेश गराउन सहजीकरण गर्ने र आम्चीसँग सम्बन्धित शिक्षाको संरक्षण गर्ने।

(३) गाउँपालिका र विभित्र संघ, संस्था वा परियोजना तथा आयोजनाहरूले उपदफा (१) र (२) का विभिन्न खण्डहरूमा उल्लेखित कार्य आम्ची संरक्षण समिति मार्फत संचालन गर्न प्राथमिकता दिनु पर्नेछ।

## परिच्छेद–४
## आम्ची स्वास्थ्य संस्थाको गुणस्तर र अनुगमन

**१०. गुणस्तर र पूर्वाधार मापदण्ड पूरा गर्नु पर्नेः**

(१) गाउँपालिकाको क्षेत्रभित्रका सबै आम्ची स्वास्थ्य संस्थाहरुका लागि नेपाल सरकारले बनाएको स्वास्थ्य सेवा सम्बन्धी मापदण्डको अधीनमा रही परम्परागत स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन गाउँपालिका आम्ची स्वास्थ्य सेवा गुणस्तर मापदण्ड र आम्ची स्वास्थ्य संस्था पूर्णधार मापदण्ड सम्बन्धी निर्देशिका बनाइ लागु गर्न सक्नेछ।

(२) गाउँपालिकाको क्षेत्रभित्र रहेका आम्ची स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिमका मापदण्ड अनुरूप सेवाको गुणस्तर कायम गर्नु पर्नेछ।

**११. अनुगमन गर्नेः** (१) गाउँ कार्यपालिकाको स्वास्थ्य निर्देशक समितिले यस ऐनको दफा बमोजिम संचालन अनुमति लिई गाउँपालिकाको क्षेत्रभित्र संचालनमा रहेका आम्ची स्वास्थ्य संस्था र परम्परागत रूपमा आम्ची उपचार प्रदान गर्दै आएका सेवाको गुणस्तर लगायतका विषयमा वर्षको कम्तीमा एक पटक र आवश्यकता अनुसार जुनसुकै समयमा पनि अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा विभिन्न निकायको सहयोग लिनुका साथै आम्ची सम्बन्धी विज्ञता भएको वा अनुभवी व्यक्तिलाई सम्मिलित गराउनु गर्नेछ।

(३) अनुगमनका क्रममा आम्ची सम्बन्धी पूर्वाधार तथा गुणस्तर मापदण्ड पालना नगरिएको पाइएमा अनुगमन गर्ने समितिले सोको प्रतिवेदन बनाइ आवश्यकता अनुसार सम्बन्धित आम्ची स्वास्थ्य संस्था बन्द गर्ने वा सुधार गर्न वा कारबाहीका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ।

(४) अनुगमन तथा अनुसन्धानका आधारमा कुनै आम्ची संस्थाले मापदण्डको पालना नगरेको कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा गाउँ कार्यपालिकाले त्यस्तो आम्ची स्वास्थ्य संस्थामा सुधारका लागि निर्देशन दिन वा बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै आम्ची संस्था बन्द गर्ने निर्णय गर्नुपूर्व उक्त संस्थालाई आफ्नो भनाइ पेस गर्नेगरी बढीमा १५ दिनको समय दिइ सुनुवाइको मौका दिनु पर्नेछ।

**१२. सेवा शुल्क निर्धारण र पुनरावलोकनः** (१) गाउँ कार्यपालिकाले गाउँपालिका भित्रको आम्ची स्वास्थ्य संस्थाहरूले प्रदान गर्ने सेवाको सेवाशुल्क सम्बन्धी मापदण्ड बनाइ अधिकतम गुणस्तर निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सोको कार्यान्वयन भए नभएको नियमित रूपमा अनुगमन गर्न सक्नेछ।

(२) कुनै पनि आम्ची स्वास्थ्य संस्थाले उपदफा (१) विपरीत नहुने गरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्नु पर्ने भएमा सोको आधार खुलाइ गाउँ कार्यपालिका समक्ष पूर्वजानकारी गराइ अनुमति लिनु पर्नेछ ।

## परिच्छेद ५
## कसुर र दण्ड सजाय सम्बन्धी व्यवस्था

**१३. कसुर गरेको मानिनेः** (१) कसैले देहाय बमोजिमको कार्य गरेमा यो ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः

(क) दफा ४ बमोजिम इजाजतपत्र नलिइ आम्ची स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) आम्ची स्वास्थ्य उपचार सेवा प्रदान इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थामा उपलब्ध हुने आधारभूत आम्ची स्वास्थ्य सेवा तथा आकास्मिक उपचार नगरेमा,

(घ) सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ग) स्वास्थ्य संस्थामा उपलब्ध हुने आधारभूत आम्ची स्वास्थ्य सेवा तथा आकास्मिक उपचार नगरेमा,

(ङ) सेवाग्राहीको गोपनीयता कायम नगरिएमा,

(च) आम्ची स्वास्थ्य संस्थालाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाहमा बाधा अड्चन उत्पन्न गरेमा,

(छ) यो ऐन तथा यस ऐन अन्तर्गतको नियम, मापदण्ड निर्देशिका र कार्यविधि पालना नगरेमा,

(ज) यो ऐन तथा यस ऐन अन्तर्गतको नियम, मापदण्ड, निर्देशिका र कार्यविधिमा गरिएका व्यवस्था विपरीत कुनै कार्य गरेमा,

(२) कसैले उपदफा (१) को खण्ड क, ख, ग, घ, ङ, च, छ, ज, विपरीतको कार्य गरेमा मुद्दा हेर्ने अधिकारीले १०,००० (दश हजार) रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

**१४. मुद्दा हेर्ने अधिकारीः** यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्वन्धी मुद्धाको शुरु कारवाही र किनारा गर्ने अधिकार गाउँपालिकाको न्यायिक समितिलाई हुनेछ ।

**१५. पुनरावेदनः** यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्वन्धी मुद्दामा न्यायिक समितिले गरेको निर्णयमा चित्त नबुझे उक्त निर्णय थाहा पाएको मितिले ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद ६
## विविध

**१६. अधिकार प्रत्यायोजन गर्न सक्नेः** भौगोलिक विकटताका कारण गाउँपालिकामा आवतजावत गर्न असुविधा भएको अवस्थामा गाउँपालिकाले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आम्ची संरक्षण समितिलाई प्रात्यायोजन गर्न सक्नेछ।

**१७. पुरस्कृत गर्न सक्नेः** आम्ची स्वास्थ्य सेवाको क्षेत्रमा उन्लेखनीय कार्य गरी योगदान गर्दै आएका निकाय, संस्था वा व्यक्तिलाई गाउँ कार्यपालिकाले मापदण्ड बनाइ पुरस्कृत गर्नेछ।

**१८. नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, आचारसंहिता बनाई लागु गर्न सक्नेः** यो ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड तर्जुमा गरी लागु गर्न सक्नेछ।

**१९. बाधा, अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ आइपरेमा सो फुकाउने अधिकार गाउँपालिका र गाउँ कार्यपालिकामा रहनेछ।

**२०. बचाउ तथा खारेजी र बाझिएमा गर्नेः** (१) यो ऐन लागु हुनु भन्दा पहिले दर्ता भएका आम्ची सेवा प्रदान गर्ने संस्था वा व्यक्ति यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरू सङ्घीय तथा प्रदेश कानुनमा गरिएका व्यवस्थाहरूसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरू निष्कृत रहने छन्।

**आज्ञाले**
**अमरराज सेजुवाल**
**प्रमुख प्रशासकिय अधिकृत**
**मिति २०८२/०३/१०**